सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ६५ ♦ २०८२ साल कार्तिक २२ शनिवार ♦ 8 Nov 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


## मधेशमा चुनावका लागि मतदाता दर्तामा युवा उत्साह

खबर दर्पण समाचारदाता

**कार्तिक २१ गते, बर्दिवास**

आगामी फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन हुने क्रममा मधेश प्रदेशमा मतदाता दर्तामा उल्लेख्य उत्साह देखिएको छ । मधेश प्रदेश निर्वाचन कार्यालय जनकपुरधामका अनुसार फोटो खिचाउनका लागि आउने अधिकांश व्यक्तिहरू युवा वर्गका छन् ।

मधेश प्रदेश निर्वाचन कार्यालयका कम्प्युटर अधिकृत कृष्ण राउतले भने, 'कार्तिक १ गतेदेखि सुरु भएको मतदाता नामावली सङ्कलनमा अहिलेसम्म ५५ हजारले नयाँ मतदाता बन्नका लागि नाम दर्ता गर एका छन् भने ३४ हजारले फोटो सहितको विवरण पनि उपलब्ध गराएका छन् ।'



निर्वाचन कार्यालयका प्रमुख लुम्बनाथ पोखरेलले भने, 'दैनिक रूपमा करिब ४ सयदेखि ५ सय व्यक्तिहरू फोटो सहितको विवरण दिन कार्यालयमा आउने गरेका छन् । बिहान ८ बजे देखि साँझ ६ बजेसम्म दर्ता प्रक्रिया सञ्चालन भइरहेको छ ।'

मतदाता दर्ताको क्रममा फोटोसहितको बायोम्याट्रिक लिनका लागि दुईवटा काउन्टर सञ्चालन गरिएको छ । सीमित जनशक्ति र स्रोतका कारण थप काउन्टर सञ्चालन गर्न नसकिँदा सेवाग्राहीले लामो समयसम्म पर्खिनुपर्ने अवस्था बनेको छ । तर, धेरैले नयाँ काउन्टर स्थापना गर्न आग्रह गरेका छन् ।

१६ वर्ष उमेर पुगेका नेपाली नागरिकहरूले मतदाता नामावलीमा नाम समावेश गर्न सक्ने र १८ वर्ष पुगेपछि मतदान गर्ने संवैधानिक अधिकार प्रयोग गर्न सक्नेछन् । यसका साथै अनलाइनमार्फत पनि मतदाता

बाँकी पृष्ठ ३ मा

## भाषा जनजीविकासँग जोडिएन भने विलुप्त हुन्छन् : मुख्यमन्त्री सोनल



खबर दर्पण समाचारदाता

**कार्तिक २१ गते, बर्दिवास**

मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनलले भाषाको संरक्षण र विकासका लागि त्यसलाई जनजीविकासँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता औंल्याएका छन् ।

शुक्रबार नेपाल इङ्ग्लिश ल्याङ्ग्वेज टिचर्स एसोसिएसनले आयोजना गरेको राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै मुख्यमन्त्री सोनलले विश्वका थुप्रै भाषा जनजीविकासँग नजोडिएका कारण लोप हुँदै गएको उल्लेख गरे ।

उनले भने, 'हाम्रा परम्परागत भाषा, संस्कृति र सभ्यताका रूपहरू जीविकासँग जोडिएनन् भने दीगो बन्न सक्दैनन् ।'

मुख्यमन्त्री सोनलले अङ्ग्रेजी भाषा अहिले विश्वव्यापी रूपमा प्रभावकारी सञ्चार माध्यम बनेको स्वीकार गर्दै विद्यार्थीहरूले अङ्ग्रेजी सीपसँगै आफ्ना मौलिक भाषा, संस्कृति र परम्पराको ज्ञान पनि सँगसँगै विकास गर्नुपर्नेमा जोड दिए ।

उनले सामुदायिक विद्यालयहरूमा अङ्ग्रेजी विषयको अध्यापन स्तर सन्तोषजनक नभएको उल्लेख गर्दै त्यसमा सुधारका लागि सरकारले आवश्यक सहयोग र प्रशिक्षण कार्यक्रमलाई प्राथमिकतामा राख्ने बताएका छन् ।

मुख्यमन्त्री सोनलका अनुसार भाषा, संस्कृति र शिक्षाको सन्तुलित विकासले मात्र समाजलाई दिगो र पहिचानसहित अघि बढाउन मद्दत पुर्याउँछ ।

## मधेश प्रदेशसँग जोडिएका सीमानाका चार दिनका लागि बन्द, रेल सेवा पनि स्थगित

खबर दर्पण समाचारदाता

**कार्तिक २१ गते, बर्दिवास**

भारतको बिहार राज्यमा हुने विधान सभा निर्वाचनका कारण मधेश प्रदेशसँग जोडिएका विभिन्न नेपाल-भारत सीमानाका चार दिनका लागि बन्द हुने भएका छन् ।

जिल्ला प्रशासन कार्यालयहरूले

बाँकी पृष्ठ ३ मा




शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# शनिवारीय साहित्य

## नारी



मन्जु घिमिरे दाहाल

नारी प्रकृतिका अभिन्न रुप भएर
नारी सृष्टीका संवाहक बनेर
सृष्टि संचालनका श्रोत हुन्
सायद त्यही भएर त
धर्ती सन्तुलित छ,नारी भएकाले।
नारी धर्तीका गहना हुन्
नारीकै उपस्थितिमा
संसार झलमल हुन्छ
उनीमा शक्ति र शहनशीलता छ
सायद त्यही भएर त
समाज गर्व गर्छ नारीको अस्तित्वमा
कतै काली ,कतै लक्ष्मी ,कतै सरस्वती बनेर
कतै चण्डी ,उग्रचण्डी भएर
संसारिक अस्तित्व जोगाइदिएकी छिन् नारीले।
नारीलाई कसैले कोशिश नगर्नु
अपमानको हिलोले हिर्काउने
परम्पराको नाममा दबाउने
आधा आकाश त ढाकेकै छ
सीङ्गो पृथ्वी बन्न सक्ने
सामर्थ्य छ नारीमा।
जगत चिन्न सक्ने
हिम्मत र आँट छ
आफै भित्र दुःख लुकाएर
खुशी दिन सक्ने
महान शक्ति छ नारीमा।
बिभेदलाई पन्छाएर,पछारेर
स्नेहको बर्षा गराउन सक्ने
आमाबाटै शुरु हुन्छ
नारीको अनेक रुप।
प्रिय पुरुष!
नहेप्नु र नदुखाउनु नारी हृदयलाई
कमजोर नसोचन्नु नारीको महानतालाई।
अन्याय र अत्याचारको सामना गर्ने
विरङ्गना पनि नारी हुन्
साथ र समर्पणले पुरुषको
सफलता पनि हुन् नारी
जहाँ जहाँ पुजीन्छ नारीलाई
जहाँ जहाँ सम्मान गरिन्छ
धर्म, संस्कृति,सभ्यता र उत्पतिका परिचायक बन्न
सक्छन नारी
हो त्यसैले स्वीकार
नारीको समान अस्तित्व र सहकार्यलाई
प्रकृति र सृष्टिको नियमलाई
बन्छ धर्ती जस्तै स्वर्ग जीवन
जहाँ नारी पुरुष एक मानव सबै समान।

## सांस्कृतिक के पहिचान

धोती के पल्लु जब जब लहराइ है ।
मधेश के माटी तब तब उरियाइ है॥
कुर्ता ओइ पर बर निक स सजै है।
जेहने सत्य के धुन हर दिल मे बजै है ॥

उजर एकर निरमलता है।
सब पबनी त्यौहार मे एकर सरलता है॥
इ गाउँ के गरमि के आराम है।
इ परम्परा के अट्ल बिराम है ॥

बाबा पुर्खा एकरा सम्मान देने है ।
अजादिके इ पहिरन लेने है॥
इहे किसान के बल, या विद्वान के ज्ञान है।
इहे हरेक अभियान्ताके स्वाभिमान है।

फैशन के दौर मे इहे अटुट खारा है।
विरासत के झण्डा इहे पकरने है॥
इ पहिरावा नै है इ अपन संस्कार है।
धोती कुर्ता इ मिथिला के सान है॥

शरीर के दैहै अराम
नै कोनो झन्झट नै कोनो काम
पवनी रहै शादी बिवाह
हरेक मौका होइ है वाह वाह।



शम्भु ठाकुर
मिथिला नगर पालिका -९ बेङ्गाडावर

## वर्ग सङ्घर्षको लडाइँ



प्रिन्स-प्रमोद कुमार ढकाल
विराटनगर - १०

म एक वयस्क
चेतनशील
स्वतन्त्र नागरिक देशको
सम्भ्रान्तवाद सँग लड्छु
सामन्तवाद सँग लड्छु
पुजीवाद सँग लड्छु
समाजवाद र
साम्यवादको नारा दिँदै
जिन्दगीका
विभिन्न अवयवहरू सँग
जुद्दै
गर्दै
वर्ग सङ्घर्षको लडाइँ
यसैबीच
प्रहरीको
एकलाठी बर्सिन्छ
मेरो टाउकोमा र
मर्छु म
एकाएक हराएर
गाडिन पुग्छु जङ्गलमा .....!

जङ्गल
जो खुद आफूमा
साम्यवादी हुँदैन कहिल्यै
जहाँ हरेक दिन
आआफ्नो अस्तित्वको
लडाइँ लडिरहेका हुन्छन्
हरेक जीव
हरेक वनस्पति
हरेक अवयवहरू
जहाँ ठुलाले सानालाई
ठुलो हुँन दिँदैन कहिल्यै
जहाँ बलियोले निरीहलाई
देख्न सक्तैन कहिल्यै
जहाँ न कुनै कुराहरूको
समानता पाइँन्छ
देख्छु खुद
लडिरहेछ
जङ्गलको अवयवहरु
साम्यवादी
वर्ग सङ्घर्षको लडाइँ
सम्भ्रान्तको सामन्तवाद सँग
जहाँ प्रत्येक दिन
लास बनेर
खुद
जङ्गलकै कयौं अवयवहरू !

यसकै एकछेउमा
देख्दछु म
जिन्दगीका विविध
अवयवहरू सँग जुधेर
थकित भई
लास भएका
म जस्तै
कयौं जिन्दगीहरू
लम्पसार भएर सुतेका
चिहानहरूमा ....
देख्छु
यी चिहानहरूमा पनि
सबै चिहानको
लम्बाई, अग्लाई, चौडाई
क्षेत्रफल , आकर्षणमा
विविधता
कसैको अस्तित्व ठुलो
कसैको सानो त
कसैको नामनिशान मेटीसकेको !
सोच्छु ! र लाग्छ
यी चिहानहरूमा पनि
मरिसकेर पनि
चैन छैन र
एकआपसमा
समान भएर पनि
खुद लडिरहेकाछन्
जङ्गल फाँडेर
साम्यवादको नारा दिँदै
आफू आफूमै
वर्ग सङ्घर्षको लडाइँ
पुनः
उही सम्भ्रान्तको
सामन्तवादलाई अपनाएर
तेरो भन्दा
मेरो चिहानको
आकार-प्रकार, उचाइ,
आकर्षण
एवम् क्षेत्रफल
ठुलो छ
राम्रो र
आकर्षक छ भन्दै !

म
जीवनको
जीवन र मरण बिचको
यही संघर्षलाई मध्यनजर
गर्दछु र
आखिर मरेर पनि गर्नुपर्ने
यो वर्ग संघर्ष देखि डराउँदै
झस्किन्छु र
एक्कासि खाटबाट तल
झर्न पुग्दछु ...!

शुभप्रभात !
ओह ! ९ वजिसकेछ !
भख्खरै पो शुरु हुँदै रहिछ
मेरो गणतान्त्रिक बिहानीको
हातमुख जोर्ने
वर्ग संघर्षको लडाइँ
आआफ्नो
पेसामा जानुपर्ने भएर ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेश प्रदेशसँग....

शुक्रबार सूचना जारी गर्दै शनिबार साँझ ६ बजेदेखि मङ्गलबार साँझ ६ बजेसम्म सीमावर्ती नाकाहरूबाट हुने मानवीय तथा आकस्मिक सेवा बाहेकका सम्पूर्ण आवागमन पूर्ण रूपमा रोक लगाइने जानकारी दिएका छन् ।

बिहार राज्यमा यही मङ्गलबार दोस्रो चरणको विधान सभा निर्वाचन हुँदैछ । शान्ति सुरक्षा व्यवस्थापनका लागि बिहार सरकारको अनुरोधमा नेपाली प्रशासनले पनि सघन सुरक्षा व्यवस्था अपनाउँदै नाकाहरू अस्थायी रूपमा बन्द गर्ने निर्णय गरेको हो ।

जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालका अनुसार कार्तिक २५ गतेसम्मका लागि सबै सीमानाका बन्द गरिने छन् ।

उनले भने, 'निर्वाचन अवधिमा कुनै अवाञ्छित गतिविधि हुन नदिनका लागि नेपाल-भारत सीमानाका शनिबार साँझ ६ बजेदेखि मङ्गलबार साँझ ६ बजेसम्म बन्द रहनेछ । आकस्मिक र मानवसेवा सम्बन्धी आवागमन मात्र अनुमति दिइनेछ ।'

त्यस्तै, महोत्तरी जिल्ला प्रशासन कार्यालयले पनि शुक्रबार सूचना जारी गर्दै सोही अवधिसम्म नाका बन्द हुने जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी संजयकुमार पोखरेलका अनुसार प्रशासनले स्थानीय तहका प्रतिनिधि, सुरक्षा निकाय र सीमा नजिकका बासिन्दालाई आवश्यक सावधानी अपनाउन आग्रह गरेको छ ।

यसैबीच, रौतहट जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी दिपेश सागर भुसालले पनि बिहार राज्यको सितामढी र पूर्वी चम्पारण जिल्लामा हुने विधान सभा निर्वाचनका कारण सीमानाका बन्द हुने बताएका छन् । उनले शान्ति सुरक्षाका दृष्टिले सीमाक्षेत्रमा प्रहरी र सशस्त्र प्रहरीले संयुक्त गस्ती गर्ने व्यवस्था मिलाइएको जनाएका छन् ।

सीमावर्ती नाका बन्दसँगै नेपाल-भारत रेल सेवा पनि अस्थायी रूपमा स्थगित भएको छ । नेपाल रेल्वे कम्पनी लिमिटेडका अनुसार बिजलपुर-कुर्था-जनकपुरधाम-जयनगर रेल सेवा आगामी चार दिनका लागि बन्द हुनेछ । कम्पनीले एक विज्ञप्ति जारी गर्दै भारतको जयनगरसम्म पुग्ने रेल सेवा सीमावन्दी अवधिभर नचल्ने र नाका खुलेपछि पुनः सञ्चालनमा ल्याइने जनाएको छ ।

सीमावन्दीका कारण मधेश प्रदेशका धनुषा, महोत्तरी र रौतहट जिल्लामा पर्ने सीमाक्षेत्रमा दैनिक पारगमन गर्ने स्थानीयवासी प्रभावित हुने भएका छन् । प्रशासनले सर्वसाधारणलाई आवश्यक सामानको भण्डारण अघि नै गर्न र तोकिएको समयसम्म सीमा पार नगर्न अनुरोध गरेको छ । नेपाल-भारत खुला सिमानाका कारण दुवै देशका नागरिकबीच हुने आवागमन अत्यन्त घनिष्ट हुने गरेकोमा बिहार विधान सभा निर्वाचनको सुरक्षालाई ध्यानमा राखी अस्थायी रूपमा नाका बन्द गरिएको प्रशासनले जनाएको छ ।

# मधेशमा चुनावका....

नामावलीमा नाम दर्ता गर्न सकिने भएकाले नयाँ मतदाताहरूलाई दर्ता प्रक्रिया सहज भएको निर्वाचन कार्यालयले जनाएको छ ।

युवा वर्गले मतदान प्रक्रियामा सक्रियता देखाउँदा प्रदेशका निर्वाचन अधिकृतहरूले पनि सकारात्मक प्रतिक्रिया जनाएका छन् । उनीहरूले मतदाता दर्ता अभियानमा अझै तीव्रता ल्याउनका लागि सामाजिक सञ्जाल र स्थानीय समुदायमा जनचेतना फैलाउन थप कार्यक्रम सञ्चालन गरिने बताएका छन् ।

# मन्दिरबाट सुरु भएको विद्यालय अतिक्रमणको सिकार हुँदै, संरक्षणका नाममा समाज मौन

**खबर दर्पण समाचारदाता**

**कार्तिक २१ गते, बर्दिवास**

नेपालकै प्राचीन शैक्षिक धरोहर मध्ये एक जनकपुरधामस्थित जानकी माध्यमिक विद्यालयको अस्तित्व संकटमा छ । कुनै समय राजधानी जनकपुरधामको शैक्षिक प्रतिष्ठाको प्रतीक मानिएको यो विद्यालय अहिले आर्थिक अभाव, अतिक्रमण र राजनीतिक हस्तक्षेपको चपेटामा परेको छ ।

विद्यालयसँग करोडौं मूल्य बराबरको सम्पत्ति रहे पनि प्रशासनिक कमजोरी र प्रभावशालीहरूको मिलोमतोका कारण सम्पूर्ण जग्गा कब्जामा परेका छन् ।

२०२१ सालमा स्थापित जानकी मावि साकेत विहारी रामजानकी मन्दिरको भवनभित्र सुरु गरिएको थियो । तत्कालीन महन्थ मौनी बाबाले मन्दिरका सम्पूर्ण भवन र जग्गा विद्यालयका लागि दान दिएका थिए । यसअघि विद्यालय गंगासागर डिलमा रहेको झुलाघरमा सञ्चालन हुन्थ्यो ।

मौनी बाबाले २०३१ सालमा तत्कालीन प्रधानाध्यापक उपेन्द्र झासँग औपचारिक मञ्जुरीनामा गर्दै विद्यालयलाई मन्दिरको सम्पूर्ण सम्पत्ति हस्तान्तरण गरेका थिए । उनले विद्यालयका हितका लागि मन्दिरको सम्पूर्ण भवन र जग्गा सुम्पेको र भगवानको मन्दिरमा पूजाआजा विद्यालयकै जिम्मामा रहने गरि हस्तान्तरण गरेका थिए ।

तर, आज मौनी बाबाको सपना र योगदान दुवै धूमिल भएका छन् । विद्यालयका प्रधानाध्यापक जगदीश साह भन्छन्, 'विद्यालयको आफ्नै १७ कट्ठा ७ धुर ८ कन्मा जग्गा छ । तर, सबै अतिक्रमणमा छ । हामीसँग आयस्रोत शून्य छ । भवन चुँइदो छ । पर्खाल ढल्न लागेको छ । हामी सहयोगको प्रतीक्षामा छौं ।'

नापी शाखा धनुषाको अभिलेख अनुसार विद्यालयसँग जनकपुर धाम-८ र ९ मिलाएर १७ कट्ठाभन्दा बढी जग्गा छ । तर, विद्यालयको स्वामित्वमा अहिले जम्मा ७ कट्ठा ४ धुर मात्रै बाँकी छ । बाँकी जग्गा स्थानीय र प्रभावशाली व्यक्तिहरूले अतिक्रमण गरेका छन् ।

सिट नं. १३५५(०७) को कित्ता नं. १०१ मा रहेको १७ धुर, १३५५(०७) को कित्ता नं. १२९ को १ कट्ठा १ कनमा र १३५५(१२) को कित्ता नं. ३७ को २ कट्ठा १ धुर १ कनमा जग्गा जनकपुरधामका 'गन्यमान्य' व्यक्तिहरूले दशकौंदेखि निजी स्वामित्वमा चलाएका छन् ।

विद्यालयका शिक्षक दिगम्बर झा भन्छन्, 'अतिक्रमण रोक्न बोल्ने शिक्षक सरुवा हुन्छन् । मैले पनि आवाज उठाएँ, त्यसबापत गाउँको विद्यालयमा सरुवा गराइयो ।'

## मोहियानीको नाममा कानुनी दोहन

मन्दिरले मन्दिरको खर्चका लागि खेतीपाती गर्न स्थानीयलाई मोहीको रूपमा जग्गा दिएको थियो । तर, विद्यालय बनेपछि पनि त्यही चलन विद्यालयकै प्रधानाध्यापक र व्यवस्थापन समितिको मिलोमतोमा जारी रह्यो ।

तर, ती मोहीहरूले पछि सो जग्गा व्यक्तिगत रूपमा बिक्री गर्न थाले । उदाहरणका लागि, विद्यालयको १७ धुर जग्गा मोही अच्युतप्रसाद उपाध्यायको नाममा थियो, जुन उनले पछि निर्मला देवी साहलाई बिक्री गरे । आज त्यहाँ निजी घर बनेको छ ।

शिक्षक मनोज ठाकुर भन्छन्, 'मोहीलाई दिइएका जग्गा खरिदबिक्री गर्न कानुनले रोक्छ । तर, यहाँ सबै भयो । हामीले विरोध गर्दा धम्की पायौं । विद्यालयको सम्पत्ति जोगाउनेतर्फ कसैको चासो छैन ।'



२०४४ सालमा जनकपुर गुठी तहसिल कार्यालयले गरेको एउटा विवादास्पद निर्णयले अतिक्रमणलाई कानुनी जामा लगाइदियो । गुठीले 'जिन्सी मनखप' नामक प्रावधान ल्याएर मोहीहरूले सानो रकम बुझाएर विद्यालयको जग्गा आफ्नो नाममा दर्ता गर्न पाए ।

सो निर्णय अनुसार 'क' वर्गको प्रतिकट्ठा ११ हजारदेखि 'च' वर्गको ६ हजारसम्म दर निर्धारण गरिएको थियो । त्यसैको भरमा स्थानीयहरूले विद्यालयको जग्गा नामसारी गराएर निजी सम्पत्ति बनाएका हुन् ।

वर्तमान विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा वडाध्यक्ष परमेश्वर साह भन्छन्, 'अदालतमा मुद्दा दायर गरेका छौं । तर, प्रभावशाली अतिक्रमणकारीहरूले कानुनी प्रक्रियामै अवरोध पुर्याइरहेका छन् ।'

## जर्जर भवन र आर्थिक संकट

सुर्खी र चुना प्रयोग गरेर बनेका विद्यालयका अधिकांश भवनहरू ८० वर्षभन्दा पुराना छन् । बर्षामा हरेक कक्षामा पानी चुहिन्छ । पर्खाल ढल्ने अवस्थामा छन् । विद्यालयमा पाँच सयभन्दा बढी विद्यार्थी छन् । तर, पठनपाठनको अवस्था कमजोर छ ।

विद्यालयसँग १६ जना शिक्षकको दरबन्दी छ । तर, पाठ्यक्रमभन्दा बढी कक्षामा शिक्षक पुग्न सक्दैनन् । पूर्वअध्यक्ष सरोज मिश्र भन्छन्, 'शिक्षणभन्दा बढी राजनीति बढेको छ । विद्यार्थीको संख्या र गुणस्तर दुवै घट्दै छन् ।'

## खर्च धान्न सटर र कोठा भाडामा

विद्यालयसँग कुनै स्थायी आम्दानी स्रोत छैन । त्यसैले व्यवस्थापनले भवनका दुई सटर निजी क्लिनिकलाई भाडामा लगाएको छ र केही अनुपयोगी कोठाहरू क्यान्टिनका लागि प्रयोगमा दिएका छन् । महिनामा जम्मा १६ हजार रुपैयाँ भाडा आउँछ । यहीबाट विद्यालयले साना खर्च टार्छ ।

## समाजको मौनता, सम्पत्तिको क्षति

विद्यालयको सम्पत्तिमा कब्जा गर्नेहरूमा स्थानीय प्रभावशाली, शिक्षकसँग सम्बन्धित समूह र राजनीतिक व्यक्ति सम्मिलित छन् । प्रशासन, प्रहरी र जनप्रतिनिधि सबै मौन छन् ।

प्रधानाध्यापक साह भन्छन्, 'गत वर्ष २ कट्ठा जग्गा अतिक्रमण हुँदा म प्रमुख जिल्ला अधिकारी कहाँ पुगें । तर, सुनुवाइ भएन । यो मेरो निजी सम्पत्ति होइन, समाजको हो । तर, समाज नै मौन छ ।'

जानकी मावि कुनै समय जनकपुरधामकै उत्कृष्ट शैक्षिक संस्थामध्ये थियो । विद्यार्थी संख्या १५ सयभन्दा बढी र पढाइ पनि उच्चस्तरीय थियो । तर, आज विद्यार्थी नाममात्र छन् । पठनपाठन झरिरहेको छ । विद्यालय अस्तित्व जोगाउने संघर्षमा छ ।

पूर्वविद्यार्थी राधेश्याम झा भन्छन्, 'यो विद्यालय जनकपुरको गौरव थियो । अहिले भवन ढल्ने अवस्थामा छ । सम्पत्ति कब्जामा छ । शिक्षकहरू निराश छन् ।'

# मधेश प्रदेशका सांसदका स्वकीय सचिवहरूलाई 'तलबविहीन'

**खबर दर्पण समाचारदाता**

**कार्तिक २१ गते, बर्दिवास**

संघीय सरकारको खर्च कटौती र मितव्ययिता सम्बन्धी परिपत्रले मधेश प्रदेशका सांसदका स्वकीय सचिवहरूलाई 'तलबविहीन' बनाएको छ ।

संघीय अर्थ मन्त्रालयले असोज ७ गते जारी गरेको उक्त परिपत्रले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रदेश प्रमुख र मन्त्री बाहेकका राजनीतिक पदाधिकारीका स्वकीय सचिवको सुविधा खारेज गरेपछि प्रदेशसभाका सचिवालयमा पनि यसको प्रत्यक्ष असर परेको हो ।

मधेश प्रदेशसभाका सचिव बासुप्रसाद कोइरालाका अनुसार ऐनअनुसार प्रदेशसभा सदस्यहरूले स्वकीय सचिव पाउँदै आएका थिए । तर, संघीय अर्थ मन्त्रालयको निर्देशनपछि भदौ महिनासम्मको तलब भुक्तानी गरेर हाललाई रोकिएको छ । उनले भने, 'अर्थ मन्त्रालयले दिएको परिपत्रपछि हामीले भदौसम्मको तलब तिर्यौं । तर, त्यसपछि रोकिएको छ ।'

सचिव कोइरालाले प्रदेश सरकार स्वायत भएको कारण आगामी निर्णय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्ले नै गर्ने बताए । उनले भने, 'अर्थ मन्त्रालयले कुनै निकायलाई नभई सरकारलाई परिपत्र गरेको हो । प्रदेश सरकार आफैंमा स्वायत सरकार हो । त्यसैले मन्त्रिपरिषद्जे निर्णय गर्छ त्यसअनुसार हामी अघि बढ्छौं ।'

हाल मधेश प्रदेशमा नयाँ सरकार बने पनि मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन । पूर्वमुख्यमन्त्री सतिश कुमार सिंहले राजीनामा दिएपछि गठित नयाँ सरकारका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनलले विश्वासको मत लिने तयारी गरिरहेका छन् । विश्वासको मतपछि मात्र मन्त्रिपरिषद् विस्तार गर्ने सहमति गठबन्धन दलहरूबीच भएको छ ।

तलब रोकिएपछि प्रदेशसभाका स्वकीय सचिवहरू असन्तुष्ट छन् । उनीहरूले नियमित काममा पनि मनोबल गुमाएको बताएका छन् । एक स्वकीय सचिवले नाम नखुलाउने सर्तमा भने, 'हामीलाई कुनै पूर्वजानकारी बिना तलब रोकियो । काम गरिरहेका छौं । तर, पारिश्रमिक नपाउँदा कठिनाइ भएको छ ।'

प्रदेशसभा ऐन अनुसार सभामुखका लागि १० जना, उपसभामुखका लागि ५ जना, दलका नेताहरू र समितिका सभापतिको सचिवालयमा क्रमशः ४, ३ र २ जनासम्मका कर्मचारी तोकिएको छ । साधारण सदस्यका लागि पनि १ जनासम्म स्वकीय सचिव राख्न पाउने व्यवस्था छ ।

तर, संघीय परिपत्रले यी सबै पदाधिकारीका स्वकीय सचिवको सुविधा कटौती गरेपछि प्रदेशसभा सचिवालयको कार्यसम्पादनमै असर परेको छ ।

# मधेशमा सामाजिक सुरक्षा कार्यान्वयन चुनौतीपूर्ण, नीति र रणनीति तयार गर्न परामर्श सुरु

**खबर दर्पण समाचारदाता**

**कार्तिक २१ गते, बर्दिवास**

संविधानले प्रत्याभूत गरेको नागरिकको आधारभूत अधिकार सँग सम्बन्धित सामाजिक सुरक्षा कार्यक्रमहरू मधेश प्रदेशमा प्रभावकारी रूपमा सञ्चालन गर्न चुनौतीपूर्ण देखिएको छ । यस्तो निष्कर्ष शुक्रबार जनकपुरधाममा आयोजित सामाजिक सुरक्षा नीति र रणनीति परामर्श कार्यशालामा सहभागी वक्ताहरूले व्यक्त गरेका छन् ।



मधेश प्रदेशको खेलकुद तथा समाज कल्याण मन्त्रालयले लाइफ नेपाल र सामाजिक सुरक्षा नागरिक समाज सञ्जालको समन्वयमा, युरोपियन युनियन, संयुक्त राष्ट्र संघ र सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा आयोजना गरेको सो कार्यशालामा वक्ताहरूले प्रदेशमा सामाजिक सुरक्षा कार्यक्रमहरू पर्याप्त भएता पनि तिनको पहुँच, प्रभावकारिता र समानताको दृष्टिले अवस्था सन्तोषजनक नरहेको बताएका छन् ।

कार्यक्रममा बोल्दै वक्ताहरूले सामाजिक सुरक्षा कार्यक्रमको दायरा विस्तार भइरहे पनि अझ धेरै विपन्न, अपाङ्गता भएका व्यक्ति, दलित तथा सामाजिक रूपमा पछाडि परेका नागरिकहरू यी कार्यक्रमको पहुँचमा आउन नसकेको अवस्था रहेको बताए ।

खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव रञ्जित यादवको अध्यक्षतामा भएको सो कार्यक्रममा युनिसेफका सामाजिक सुरक्षा अधिकृत विष्णु माया भट्टराईले मधेश प्रदेशमा सामाजिक सुरक्षाका लागि हाल नीति र रणनीति नभएको अवस्थामा, तयार हुन लागेको नीति र रणनीतिले कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने बताए ।

लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले परामर्श कार्यशालामा उठेका सुझावलाई समेटेर छिटै मधेश प्रदेश सरकारले सामाजिक सुरक्षाका लागि नीति तथा रणनीति तयार गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमका परामर्शदाता डा. दिपेश घिमिरेले मस्यौदामा सहभागीहरूले दिएका सुझावलाई समेटेर नीति तयार गरिने जानकारी दिए ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद लगायतका विभिन्न मन्त्रालय र निकायका सचिव र अधिकृतहरू पनि उपस्थित थिए । उनीहरूले मस्यौदामा परेका विषयमा आफ्ना सुझाव प्रस्तुत गर्दै सामाजिक सुरक्षामा समावेशी दृष्टिकोण अपनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा सहभागी सबैले मधेश प्रदेशमा सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र सबै वर्गको पहुँचमा पुऱ्याउने आवश्यकतामा जोड दिएका छन् ।

# मधेश विश्वविद्यालयको गुणस्तर जोगाउन विद्यार्थीको अनुरोध



**खबर दर्पण समाचारदाता**

**कार्तिक २१ गते, बर्दिवास**

मधेश विश्वविद्यालयमा कानून संकायका विद्यार्थीहरूले अध्ययन वातावरणमा देखिएको बेथितिको चाङ लिएर मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनललाई भेटेका छन् । विद्यार्थीहरूले विश्वविद्यालयको साख र गुणस्तर जोगाउन आवश्यक कदम चाल्न मुख्यमन्त्रीसँग आग्रह गरेका हुन् ।

प्रेस सल्लाहकार कामरेन्द्र वर्मा 'गौरव'का अनुसार विश्वविद्यालयका विभिन्न सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरूले कुलपति र प्रशासन पक्षमा देखिएका समस्या र असुविधाहरू मुख्यमन्त्री सोनललाई जानकारी गराएका थिए ।

विद्यार्थीहरूले विश्वविद्यालयमा सम्बन्धित विषयको ज्ञान नभएका कर्मचारीहरूको नियुक्ति, उपकुलपति र रजिष्ट्रारको समयको अभाव, शिक्षण प्रणालीको असंरचनात्मकता, छात्राहरूको लागि पर्याप्त शौचालय सुविधा नहुनु लगायतका गम्भीर मुद्दा उठाएका छन् ।

मुख्यमन्त्री सोनलले जवाफमा शनिबारसम्म सैद्धान्तिक प्रक्रियामा व्यस्त रहेको कारण तत्कालै ठोस कदम चाल्न नसकेको तर प्रक्रियापछि विश्वविद्यालयका समस्याहरूको समाधानमा पहल गरिने बताएका छन् ।

उनले विद्यार्थीहरूलाई विश्वविद्यालयको साख घट्नेगरी कुनै पनि विवादास्पद कदम नलिन अनुरोध गर्दै व्यवस्थापन, सरकार र विद्यार्थी मिलेर समस्या समाधान गर्नुपर्नेमा जोड दिएका छन् ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,